# आत्मिक हेरचाह समूहहरू

# कोभिड- १९ को वातावरणमा

### विश्वव्यापी मण्डलीलाई सशक्त बनाउन सेवाको एक नमूना

*डा. जेफ हाम्मोण्ड र उहाँकी पत्नी अन्नेट जकार्ता इण्डोनेसियामा अवस्थित अब्बा लभ मण्डलीका एल्डरहरू (सह-पाष्टरहरू) हुन् । अब्बा लभले प्रत्येक हप्ता राष्ट्रभरि छरिएर रहेका आफ्ना थुप्रै सेवा केन्द्रहरूमा २५,००० भन्दा बढी ख्रीष्टियानहरूलाई सेवा पुऱ्याउँछ । अब्बा लभको सेवामा सम्लग्न हुनुका साथै हाम्मोण्ड दम्पत्तिले राष्ट्रभरि नै सयौं विशेष ध्यान दिइएका साना झुण्डका सङ्गतिहरू र चेलापन तालीम केन्द्रहरू पनि स्थापना गर्नुभएको छ ।*

*डा. जेफ र अन्नेट अष्ट्रेलियन हुनुहुन्छ र उहाँहरूले सन् १९७४ देखि इण्डोनेसियामा सेवा गरिरहनुभएको छ ।*

हामी सबै कुरा परिवर्तन भइरहेको युगमा बाँचिरहेका छौं । "सामान्य" भनिएको कुरा परिवर्तन भएको छ र अहिले हामी "नयाँ सामान्य" भनिएका सन्दर्भहरू जिइरहेका छौं । यो कुरा स्पष्टसँग परिभाषित गर्न बाँकी नै छ र फरक मानिसहरूका निम्ति यसको फरक अर्थ हुन सक्छ । कतिपय मानिसहरूले यसलाई समाजसँग घुलमिल हुने नीति नियमहरूका रूपमा हेर्छन् । अन्य कतिपय मानिसहरूले आर्थिक, व्यापारिक, सरकारी साथै धार्मिक कार्य कसरी सञ्चालन गर्ने भन्ने नियमहरूका रूपमा हेर्छन् । निश्चय नै, कोभिड-१९ ले नयाँ युगको थालनी गरेको छ र हामीले आ-आफ्नो मार्ग पत्ता लगाउनु आवश्यक छ, अथवा अझ सठीक किसिमले भन्ने हो भने हामीले सामना गरिरहेका नयाँ वास्तविकताहरूमा परमेश्वरको मार्ग पत्ता लगाउनुपर्छ ।

हामीले फेब्रुअरी महिनामा वुहान चाइनाबाट आएको कोरोना भाइरसको विश्वव्यापी खतराको विषयमा जानकारी प्राप्त गर्न सुरु गऱ्यौं, कोरोना भाइरसलाई कोभिड-१९ पनि भनिन्छ । हामी यो खतराको पूर्ण जोखिमको विषयमा अनभिज्ञ नै थियौं, तर यो साँच्चिकै विश्वव्यापी महामारी हुन

सक्ने अनुमान गरिएको थियो । हाम्रो मण्डलीका कतिपय अगुवाहरूलर् पनि यस विषयमा सरोकार राखेका थिए र उहाँहरूले आखिरी समयका चिन्हहरूको विषयमा सेमिनार पनि आयोजना गर्नुभयो । येशूले आफ्नो दोस्रो आगमनभन्दा अगाडि हुनआउने महामारीको भविष्यवाणी गर्नुभएको थियो, जुन लूका २१:११ मा उल्लेख गरिएको छ, विशेष गरी त्यस महामारीका चिन्हहरू अध्ययन गर्न थाल्नुभएको थियो ।

सेमिनारमा बोलाइएका एक जना वक्ताको रूपमा अमेरिकाले थुप्रै राष्ट्रहरूसँग सीमाना बन्द गरेको र "सामाजिक दुरी" कायम राख्नुपर्ने विषयमा चलिरहेको छलफल साथै मलहरू, व्यवसायहरू र मण्डलीहरू पनि बन्द हुन सक्छन् भन्ने कुराकानीले मलाई अत्यन्त चिन्तित बनाएको थियो । यो सबैकुरा कतातिर गइरहेको थियो ? यसले मण्डलीमा कस्तो प्रभाव पार्नेछ ? यदि परिस्थिति नियन्त्रणभन्दा बाहिर गयो भने के हामी भेडाहरूको हेरचाह र वास्ता गर्न सही किसिमले तयारी भएका थियौं ?

विकास भएका यी नयाँ विषयहरूमा मनन गर्दै प्रार्थना गरिरहँदा मेरा सोचविचारहरू सन् २०१९ को नोभेम्बर महिनामा जकार्तामा आयोजना गरिएको वर्ल्ड इभान्जेलिकल अलायन्सको साधारण सभामा फर्किए (https://jakarta2019.org/en/) । मलाई मार्क म्याकलेवडले वर्ल्ड इभान्जेलिकल अलायन्सको आत्मिक हेरचाह समूहको एक हिस्सा बन्न निमन्त्रणा दिनुभएको थियो । ईमानदारसाथ भन्नुपर्दा, त्यहाँ के हुन्छ भनी मलाई केही थाहा थिएन । म सेमिनारहरू, मेन्टोरिङ समूहहरू, बाइबल अध्ययनहरू आयोजना गर्न र सतावटको जोखिममा परेका समुदायहरूको हेरचाह गर्ने कार्यमा व्यस्त थिएँ, र वास्तवमै मेरो व्यस्त तालिकामा कुनै पनि अन्य गतिविधिहरू थप्नु आवश्यक थिएन । जे भए तापनि, मैले वर्ल्ड इभान्जेलिकल अलायन्सलाई सहायता गर्नुपर्छ भनी प्रभुले मलाई भनिरहनुभएको मैले महसूस गरे, यद्यपि त्यहाँ के हुन्थ्यो भन्ने कुरा मैले पूर्ण रूपमा थाहा गरेको वा बुझेको थिएनँ ।

सम्मेलनको सुरुमा मेरी पत्नी अन्नेट र मलाई समूहसँग परिचित गराए । त्यस समूहमा कोस्टारिका, इण्डिया, नेपाल, अमेरिका, क्यानडा र फिलिपिन्सका व्यक्तिहरू थिए । समूहको मुख्य उद्देश्य साधारण सभाका वक्ताहरू र प्रतिनिधिहरूको निम्ति प्रार्थना गर्नु थियो । प्रत्येक बिहान, हामी प्रतिनिधिहरूसँग प्रार्थना गर्न हाम्रा स-साना समूहहरूमा विभाजित हुन्थ्यौं । अन्नेट र मैले प्रतिनिधिहरू सभा हलमा आउन सुरु गरेपछि एउटा टेबिलदेखि अर्को टेबिलमा जाने निर्णय

गऱ्यौं । आत्मिक हेरचाह समूहका सदस्यहरूका रूपमा हामी तपाईंहरूका निम्ति प्रार्थना गर्न चाहन्छौं ताकि तपाईंहरूका निम्ति आजको दिन साँच्चिकै आशिषमय भएको होस्, घोषणा गरिएको परमेश्वरको वचनको प्रकाश तपाईंहरूले प्राप्त गर्नुभएको होस्, तपाईंहरू पवित्र आत्माको अभिषेकद्वारा ताजा बन्नुभएको होस्, विभिन्न राष्ट्रहरूबाट आउनुभएका दाजुभाइ र दिदीबहिनीहरूसँगको सङ्गतिद्वारा तपाईंहरू सुसज्जित हुनुभएको होस् भनी हामीले टेबिलमा बसिरहेका व्यक्तिहरूलाई आफ्नो परिचय दिन्थ्यौं । त्यो हाम्रो निम्ति विशेष समय थियो, र विभिन्न प्रतिनिधिहरूसँग बिताएको प्रार्थनाको समयले हामीलाई उत्साहित बनाएको थियो । त्यो कार्य सम्मेलनमा सहभागी हुने र ख्रीष्टको प्रेम र जीवन अरू व्यक्तिहरूमा सार्न सहायता गर्ने नयाँ तरिका थियो जसले हाम्रो आँखा खोलिदिएको अनुभव गरेका थियौं ।

आत्मिक हेरचाह समूहको अनुभव सशक्त पार्ने किसिमको थियो, यो अवधारणा मैले हाम्रो अब्बा लभ सम्मेलनहरूका साथै हाम्रो स्थानीय सङ्गतिहरूमा कार्यान्वयन गर्ने निर्णय बनाएको थिएँ । त्यसले मण्डलीमा हुने अन्तर्बिन्तीलाई फलदायी बनाइदिन्थ्यो, व्यक्तिगत र अझ घनिष्ठ रूपमा व्यक्तिहरूकहाँ जाने एउटा प्रत्यक्ष र प्रभावकारी तरिका थियो । जे भए तापनि, मण्डलीको व्यस्त तालिकामा फर्किएपछि यी समूहहरूलाई सेवामा कार्यान्यवन गर्ने मेरो चाहना “उपयुक्त समय नआएसम्म” पछाडि पारिएको थियो । यदि कोभिड-१९ को सङ्कट नआएको भए त्यसलाई बिर्सिएको एउटा कार्ययोजनाको रूपमा कुनै कुनामा थन्याएर राखिएको हुनेथियो ।

कोभिड-१९ राष्ट्रिय र विश्वव्यापी जोखिमको रूपमा बढ्दै गइरहेको थियो, त्यसले मेरो स्मरणलाई हल्लाइदियो र आत्मिक हेरचाह समूहहरूको महत्वपूर्णता स्मरण गराइदियो, यसको निम्ति प्रभुले पनि मलाई घचघचाइरहनुभएको थियो । वर्ल्ड इभान्जेलिकल अलायन्सको साधारण सभामा हाम्रो लक्ष्य उपस्थित प्रत्येक व्यक्तिको निम्ति प्रार्थना गरिदिने वा तिनीहरूसँग प्रार्थना गर्ने थियो, र यो पछि हाम्रो मण्डलीका सदस्यहरूको सन्दर्भमा पनि एउटा आधारभूत लक्ष्य बन्यो । सरकारले सामाजिक दुरी कायम राख्नुपर्ने, ठूलो भीड जम्मा हुन प्रतिबन्ध लगाइएको सूचना जारी गरेपछि यो अवधारणा झन महत्वपूर्ण बन्यो, किनकि नयाँ प्रावधानले सङ्गतिहरूको निम्ति मण्डलीहरूमा एक भेला हुन, बाइबल अध्ययन झुण्ड सञ्चालन गर्न, प्रार्थना सङ्गतिहरूमा भेला, र मण्डलीको प्रशासनिक र संस्थागत थुप्रै कार्यहरू सम्पादन गर्न प्रतिकुल असर पारेको थियो । एक्कासी यी परिवर्तनहरू आएका कारण थुप्रै मण्डलीहरू पूर्णतया तयारी अवस्थामा थिएनन् । मण्डलीका

सदस्यहरू एकसाथ भेला हुँदा सान्त्वना, समर्थन, सामर्थ्य, सङ्गति, सम्बन्धहरू  र जीवन शैली सहज भएको महसूस गर्ने मण्डलीका सदस्यहरू पनि साँच्चिकै एक्कासी आएको परिवर्तनको निम्ति तयारी थिएनन् । यी सबैकुराहरू एक्कासी परिवर्तन भयो ।

प्रार्थनापूर्वक यी नयाँ परिवर्तनहरूका सबै परिणामहरू विचार गरिरहेँ र हाम्रो दाजुभाइ दिदीहबहिनीहरूमध्ये सबैभन्दा सानासँग हामीले जस्तो व्यवहार गर्छौं, त्यो हामीले उहाँलाई गरेका हुन्छौं भनी *मत्ती २५:३४-४६* मा येशूले भन्नुभएको वचन मनन गरिरहेँ । त्यो काम गर्ने समय थियो । वर्ल्ड इभान्जेलिकल अलायन्सको साधारण सभामा आत्मिक हेरचाह समूहबाट सिकेका शिक्षाहरू अब कार्यमा परिणत गर्ने समय आएको थियो र आवश्यकता अत्यन्त जरुरी थियो । मण्डलीका कुनै पनि सदस्य एकलो छोडिनुहुन्न । धेरै जना व्यक्तिहरू सामान्य, नियमित सञ्चारबाट टाढा भएका थिए । धेरै जनासँग इन्टरनेटको पहुँच थिएन । धेरै जनाले आफ्नो रोगजारी गुमाइरहेका थिए । केही महत्वपूर्ण यातायातका माध्यमहरू बन्द गरिएका थिए । मलहरू बन्द गरिएका थिए । जानाजानी होइन तर मण्डलीमा भएका जोखिममा परेका सदस्यहरू एकलो छोडिन सक्ने वास्तविक खतरा थियो, तर हामी कहिल्यै पनि यस किसिमको परिस्थितिमा परेका थिएनौं, र यदि हामीले ईमानदार प्रयत्न र रणनीति कार्यान्वयन गरेनौं भने जोखिममा भएका दाजुभाइ तथा दिदीबहिनीहरू मण्डलीद्वारा एकलो बनाइन सक्थ्यो । हामीले मण्डलीका प्रत्येक सदस्यहरूको हेरचाह गर्नुपर्छ भन्ने कुरामा मेरो ठूलो सरोकार थियो । पावलले यो सिद्धान्त कोरिन्थमा भएको मण्डलीलाई लेखेको उनको पत्रमा सिकाएका थिए:

*१ कोरिन्थी १२:१४-२४,*

> “किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ । यदि खुट्टाले “म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन” भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र ? र कानले “म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ” भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र ? यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट ? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट ? तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ । यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने ? तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै । आँखाले हातलाई “मलाई तेरो दरकार छैन” भन्न सक्दैन, र शिरले पनि खुट्टालाई “मलाई तिमीहरूको दरकार छैन” भन्न सक्दैन । बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरू नै नभई नहुने हुन्छन् । शरीरका ती अङ्गहरू जुनहरूलाई हामी कम महत्त्वका ठान्छौं, तिनलाई हामी बढ्ता आदर दिन्छौं । प्रत्यक्ष रूपले देखाउन नसकिने अङ्गहरूलाई हामी बढ़ी भद्रतासाथ राख्छौं, प्रत्यक्ष देखाउन सकिने हाम्रा अङ्गहरूलाई त्यस्तो हिफाजत चाहिँदैन। तर परमेश्वरले हाम्रो

शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरूलाई बढ़ी आदर प्रदान गर्नुभएको छ ।"

मण्डलीका प्रत्येक सदस्यहरू बराबरी महत्वपूर्ण हुन्छ । प्रत्येक सदस्य विशेष हो । हामीले सदस्यहरूका बीचमा "मुख्य जिम्मेवारी व्यक्तिहरू," "योगदान पुऱ्याउने महत्वपूर्ण व्यक्तिहरू" ईत्यादी भनी विभेद गर्नु हुँदैन । "यिनीहरूमध्ये सबैभन्दा साना मेरा दाजुभाइ र दिदीबहिनी" प्रति हाम्रो स्वभाव कस्तो भन्ने आधारमा ख्रीष्टले हाम्रो मूल्याङ्कन गर्नुहुन्छ किनकि हामीले ख्रीष्टसँग त्यसरी व्यवहार गरेका हुन्छौं !

हामीले यी सबै कुराहरू मण्डली अगुवापनभित्र रहेर छलफल गरेका छौं र प्रत्येक सङ्गतिमा आत्मिक हेरचाह पुऱ्याउन समूहहरूलाई जन्म दिन र कुनै पनि सदस्य एकलो छोडिएको छैन भन्ने कुरा सुनिश्चित गर्न प्रतिबद्ध छौं । हाम्रो कार्ययोजनामा निम्न कुराहरू समावेश गरिएका छन्:

- प्रत्येक सङ्गतिले पाष्टरीय एल्डरहरू, एल्डरहरू, साना झुण्डका अगुवाहरू र मण्डलीका परिपक्व विश्वासीहरू समेटिएको आत्मिक हेरचाह समूहहरू स्थापना गर्नेछ । स्थानीय सङ्गतिको आकार बमोजिम थुप्रै आत्मिक हेरचाह समूहहरू स्थापना गर्न सकिन्छ ।
- प्रत्येक आत्मिक हेरचाह समूहले सङ्गतिमा भएका प्रत्येक व्यक्तिलाई सूचीमा समावेश गरिएको थियो भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । यसमा नियमित सेवामा उपस्थिति व्यक्तिहरू, साना झुण्डहरूमा सहभागी हुने व्यक्तिहरू, बाइबल अध्ययनहरूमा सहभागी हुने व्यक्तिहरू, समुदायमा सुसमाचार प्रचारकार्यमा सहभागी हुने व्यक्तिहरू, र प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मण्डलीसँग सम्बन्धित प्रत्येक व्यक्तिहरूलाई समावेश गर्नुपर्थ्यो । यो तथ्याङ्कले प्रत्येक व्यक्ति मण्डलीको सङ्गति र गतिविधिहरूमा एकसाथ जोडिएको छ भन्ने कुरा सुनिश्चित गर्न सहायता गर्छ, चाहे तिनीहरू मण्डलीका सदस्यहरू होस् वा मण्डलीभन्दा बाहिरका व्यक्तिहरू होस्, कोही पनि व्यक्ति सेवाबाट एकलै छोडिएको छैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।
- प्रत्येक आत्मिक हेरचाह समूहलाई दुई-दुई जनाको जोडीमा विभाजन गर्नुपर्छ, तिनीहरूलाई नियमनको निम्ति सम्पर्क नम्बरहरूको एउटा सूची दिइन्छ र कोही पनि व्यक्ति एकलो छोडिएको थिएन भन्ने कुरा सुनिश्चित गर्नु तिनीहरूको जिम्मेवारी हुनेछ । ख्रीष्ट सबैका निम्ति मर्नुभयो, र प्रत्येक व्यक्ति परमेश्वरको योजनामा महत्वपूर्ण व्यक्ति

थियो र तिनीहरूलाई हामीले उही किसिमले व्यवहार गर्नु पर्थ्यो भन्ने प्रभाव तिनीहरूमा परेको थियो । अब त्यो प्रत्येक समूहको जिम्मेवारी थियो:

- प्रत्येक व्यक्तिलाई सम्भव भएका कुनै पनि माध्यमबाट सम्पर्क गर्नु । कसै-कसैलाई इन्टरनेट, टेलिफोनको माध्यमबाट सम्पर्क गर्नु वा आवश्यकता र सम्भावनाका आधारमा तिनीहरूको घरमा गएर प्रत्यक्ष भेटघाट गर्नु ।
- जब सम्पर्क गरिएको हुन्थ्यो, तब तिनीहरूले कस्तो गरिरहेको थियो, तिनीहरूले आफ्नो काम गुमाएको थिए कि, तिनीहरू र तिनीहरूका परिवार स्वस्थ थिए, तिनीहरूसँग पर्याप्त खानेकुरा थियो, र हामीले सहायता गर्न सक्ने तिनीहरूका कुनै विशेष आवश्यकताहरू थिए कि भनी सोध्नुपर्थ्यो । कतिपय व्यक्तिहरूसँग इन्टरनेटको पहुँच थिएन, त्यसैले तिनीहरू अनलाइन गतिविधिहरूमा सहभागी हुन सकेका थिएनन, हामीले तिनीहरूका निम्ति अनलाइन गतिविधिहरू सिडी र डिभिडीमा तयार पारेर वितरण गरेका थियौं, जसद्वारा तिनीहरू मण्डलीको सङ्गतिको जीवनसँग जोडिरहन सक्षम हुनेथिए । प्रत्येक व्यक्तिलाई तिनीहरू महत्वपूर्ण छन् भन्ने कुराको आश्वासन दिनुपर्थ्यो ।
- तिनीहरूको अवस्था स्थापित गरिसकेपछि, आत्मिक हेरचाह समूहले तिनीहरूका विश्वासलाई उत्साह दिनका निम्ति केही गवाहीहरू र वचनखण्ड बाँडचुँड गर्छन्, सम्पूर्ण मण्डली तिनीहरूसँग खडा भइरहेको थियो, तिनीहरू एकलो छोडिएका थिएनन् भन्ने कुरा निश्चित पार्छन् र तिनीहरूसँग प्रार्थना गर्न र तिनीहरूका निम्ति प्रार्थना गर्न केही समय बिताउँछन् ।
- आत्मिक हेरचाह समूहले तिनीहरूलाई प्रत्येक हप्ता कमसेकम एक पटक कुनै एक व्यक्तिले भेट्ने वा टेलिफोनबाट सम्पर्क राख्ने र ताजा जानकारीहरू उपलब्ध गराउने व्यवस्था मिलाउँथ्यो । हाम्रो पहिलो प्राथमिकता हाम्रा सङ्गी विश्वासीहरूको आवश्यकताहरू पूरा गरिदिनु थियो, साथै ख्रीष्टमा विश्वास गरि नसकेका खाँचोमा परेका व्यक्तिहरूप्रति पनि हाम्रो हृदय खुल्ला राखेका थियौं, जसरी पावलले *गलाती ६:९-१० मा भनेका छन्,* "भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं । यसकारण

मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन् ।"

- अर्को चरणचाहिँ यो सेवा तिनीहरूका छिमेकीहरूकहाँ पुऱ्याउनु थियो । के तिनीहरूका छिमेकीहरूले राम्रो गरिरहेका थिए ? के तिनीहरूका आवश्यकता पूरा बन्दोबस्त गरिएका थिए ? के तिनीहरू स्वस्थ थिए ? के तिनीहरूलाई सहायताको आवश्यकता थियो ? यो उद्देश्य आफ्नो छिमेकीहरूकहाँ जान र तिनीहरूलाई आशिष् पुऱ्याउन मण्डलीका सदस्यहरूलाई सबलीकरण गर्नु थियो । हामी ती खाँचोहरू हाम्रा सदस्यहरूकहाँ बाँडचुँड गर्छौं, त्यसपछि तिनीहरूले आफूसँग भएका कुराहरू आफ्ना छिमेकीहरूसँग बाँडचुँड गर्छन् र यसलाई ख्रीष्टको प्रेम बाँड्ने अवसरको रूपमा लिन्छन् ।

यो पाष्टरीय रणनीति पूर्ण रूपमा कार्यान्वयन गरिएको थियो, यसले मण्डलीहरूमा ठूलो उत्साह सृजना गरिदिएको छ, यसले सदस्यहरूलाई व्यवस्थित बनाउने मात्र होइन तर यसले नयाँ विश्वासहरूको सङ्ख्या वृद्धि गर्न उत्साह पनि दिएको छ । जे भए तापनि कतिपय सङ्गतिहरूले "सम्पर्क गर्न गाह्रो" भएका सदस्यहरू, "कहिलेकहीँ मात्र उपस्थित" हुने सदस्यहरू र "शनिबार मात्र मण्डलीमा आउने" सदस्यहरूलाई बेवास्ता गरी कथित "साँचो प्रतिबद्धता भएका" सदस्यहरूलाई बढी ध्यान दिन सक्ने सम्भावना थियो । यसो हुनुको प्रमुख कारण चाहिँ अनुगमन गर्ने "उपयुक्त व्यक्तिहरूको अभाव" हुनु हो भन्ने तिनीहरूको धारणा थियो । यसले केही सम्भावित समस्यहरूलाई सङ्केत गर्थ्यो: (१) अनुशासन वा एफिसी *४:१२* अनुसार "सेवाको काम" गर्न सक्ने सक्रिय येशूका चेलाहरू बनाउन सदस्यहरूलाई मेन्टोरिङ गर्ने कार्यक्रमको अभाव हुनु वा (२) आफ्नो "नियन्त्रण गुम्ने भय" को कारण यो अनुगमनको सेवा सदस्यहरूलाई जिम्मा दिन अगुवाहरूमा भरोसाको अभाव हुनु । यी परिस्थितिहरू हाम्रो सेवकाइ समूहको निम्ति एउटा चुनौती भएको छ, यस चुनौतीलाई हामीले सकारात्मक सम्बोधनद्वारा समाधान गर्न सक्यौं भने हामीले अरू सङ्गतिहरूमा देखेको जस्तो वृद्धि हाम्रा सबै मण्डलीहरूमा देख्न पाउनेछौं ।

माथि वर्णन गरिएझैँ आत्मिक हेरचाह समूहको थप विकास भएको छ, यो हामीले विशेष ध्यान दिएका विश्वासीहरू (मुस्लिम पृष्ठभूमिका विश्वासीहरू) को प्रत्युत्तर बनेको छ, तिनीहरूले लक

डाउनको अवधिमा थुप्रै "छिमेकीहरू" दुःखकष्टमा भएको महसूस गरेका थिए । ख्रीष्टको प्रेम यी समुदायहरूकहाँ पनि पुग्न सकोस् भनी हामीले एउटा थप रणनीति पनि विकास गऱ्यौं ।

- पहिलो चरणमा हामीले भाइरस फैलिन थालेको सुरुआती अवस्थामा समुदायहरूमा गएर तिनीहरूका घर भित्र र बाहिर रोगाणु नाश गर्ने स्प्रे र घोलले घरहरू सफा गरिदियौं ।
- दोस्रो चरणमा सङ्कटको समयमा तिनीहरूसँग र तिनीहरूका सुरक्षाका लागि प्रार्थना गर्न सकिन्छ कि भनी परिवारसँग सोध्नुपर्छ ।
- तेस्रो चरणमा, फेरि दुई हप्तापछि ती समुदायहरूमा गएर ती घरहरू पुनःसफा गरिदियौं र तिनीहरूको स्वास्थ्य, रोगजारी र खाद्यान्न आपूर्ति ईत्यादि विषयमा सोध्यौं ।
- चौथो चरणमा परिवारहरूको आधारभूत आवश्यकताहरू पूरा गरिदियौं र परमेश्वरले तिनीहरूलाई सुरक्षित राख्नुभएको होस् भनी तिनीहरूका निम्ति प्रार्थना गरिदियौं ।

आत्मिक हेरचाह समूहको प्रारम्भिक लक्ष्य मण्डलीका कुनै पनि सदस्यलाई एकलो नछोड्नु र आत्मिक तथा शारीरिक हेरचाह र वास्ता पुऱ्याउनु थियो तर परिणाम स्वरूप आत्मिक हेरचाह समूहले सम्पूर्ण समुदायलाई सेवा पुऱ्याइरहेको थियो । आत्मिक हेरचाह समूहहरूको अवधारणामा यो एउटा उत्साहजनक विकास हो, अन्धकारमा रहेका मानिसहरूको निम्ति मण्डली ज्योति बन्न सक्छ र *यूहन्ना ३:१६* मा घोषणा गरिएको "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो" भन्ने अवधारणा पूरा भएको देख्न सकिन्छ

विगत तीन महिनादेखि हाम्रा सबै सङ्गतिहरू भरि नै सुसमाचारमा सकारात्मक प्रत्युत्तर जनाउने व्यक्तिहरूको सङ्ख्या वृद्धि भएको अनुभव गरेका छौं र हामीले प्रत्येक हप्ता चालीस जना भन्दा बढी मानिसहरूले प्रभुमा विश्वास गरेका र बप्तिस्मा लिइरहेका देखेका छौं । यो सबै मण्डलीका सदस्यहरूलाई आत्मिक हेरचाह समूहहरूको हिस्सा बनाएर मण्डली र यो चुनौतीको समयमा उत्तरको खोजी गरिरहेका व्यक्तिहरूको हेरचाह गर्न परिचालन गरिएको प्रत्यक्ष प्रतिफल हो ।

***डा. जेफ हाम्मोण्ड***

जकार्ता, इण्डोनेसिया